# लुम्बिनी बैंकको कायापलट

**“नेपालको आफ्नै आन्तरिक पेशागत क्षमता र प्रयासबाट बित्तिय क्षेत्र सुधारको एक सफल अध्याय”**

नेपाल राष्ट्र बैंकले लुम्बिनी बैंक माथि लगाएको सम्पूर्ण प्रतिबन्धहरु मिति २०६६।१२।१५ गते बैंकलाई लेखेको पत्र मार्फत फूकुवा गरेको छ । राष्ट्र बैंकले लुम्बिनी बैंकको पूँजीकोषमा उल्लेख्य प्रगति भएको, गुणस्तरहिन कर्जामा सुधार भई कमी आएको साथै प्रमूख आर्थिक सूचकांकहरुमा ऋमिक सुधार भएको जनाएको छ । यसका साथै लुम्बिनी बैंक नयाँ शाखा कार्यालयहरु खोल्दै बैंकिङ्ग सेवा बिस्तार गर्नका लागि पनि योग्य भएको छ । बैंकले आउँदो बर्षमा नै केहि शाखाहरु पनि बिस्तर गर्ने छ ।

लुम्बिनी बैंकको पूँजीकोष अनुपात बैंकिङ्ग क्षेत्रकै उत्कृष्ट रहेको छ । यस बैंकको गत चैत्र २०६६ मा २४.२३ प्रतिशत पूँजीकोष अनुपात थियो जून २६ वाणिज्य बैकहरुको गत चैत मसान्तको पूँजीकोष अनुपात मध्ये अधिकतम हो । नेपाल राष्ट्र बैंकले बासल द्धितिय मापदण्ड अनुसार पनि न्युनतम १० प्रतिशत पूँजीकोष अनुपात आवश्यक पर्ने व्यबस्था गरेको छ । पुँजिकोष पर्याप्तताले बित्तिय संकट र असन्तुलित आर्थिक अवस्थामा बैंकहरुको जोखिम बहन गर्न सक्ने क्षमताको मापन गर्दछ । तसर्थ उच्च पुँजिकोष पर्याप्तताले सम्पुर्ण सरोकारवालाहरुले सुरक्षित महशुस गर्न सक्ने वातावरण तयार गर्दछ ।

लुम्बिनी बैंकको सबै प्रकारका कर्जा तथा सञ्चालन जोखिम संग सम्बन्धित परिसुचकहरु पनि प्रवल रहेका छन् र बैंकले बर्तमान जटिल परिस्थितिमा पनि कुल निक्षेपको करिव ३० प्रतिशतको बलियो तलरताको अवस्था कायम राखेको छ । बैंकले गत ४ बर्षमा रु. १२० करोड भन्दा बढी खराव कर्जा नगदमा असुलि गरेको छ र बैंकको खराव कर्जा ४०.५४ प्रतिशत बाट ४.६६ प्रतिशतमा झरेको छ ।

लुम्बिनी बैंकको सुधारका महत्वपूर्ण तथ्यहरु :

- पूँजिकोष अनुपात  आषाढ २०६३ मा १३.९३ प्रतिशतले ऋणात्मक रहेकोमा  चैत्र २०६६ मा २४.२३ प्रतिशत घनात्मक भई सुधार भएको ।
- नेटवर्थमा आषाढ २०६३ मा ७२ करोड ऋणात्मक बाट चैत्र २०६६ मा १ अर्व ४४ ले धनात्मक भई सुधार भएको ।
- खराव कर्जा अनुपात  २०६२ चैत्रमा ४०.५४ प्रतिशत रहेकोमा चैत्र २०६६ मा ४.६६ प्रतिशत मा झरी सुधार भएको ।
- जगेडा कोष आषाढ २०६३ मा  १ अर्व २२ करोड ऋणात्मक रहेकोमा चैत्र २०६६ मा  १५ करोड भई सुधार भएको ।
- निक्षेप तरलता अनुपाल नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आवश्यक पर्ने न्युनतम २० प्रतिशत भन्दा धेरै बढी करिब ३० प्रतिशतको बलियो अवस्थामा रहेको ।

बैंकको यस सफलताका पछाडि निम्न कसिहरु रहेका छन :

- उच्चतम नैतिक स्तर तथा पेशागत मूल्य र मान्यता ।
- केन्द्रीय बैंक निर्देशन तथा अन्तराष्ट्रिय बैंकिंग मापदण्डको पूर्ण पालना ।
- असल संस्थागत सुशासन तथा Best Practice व्यबस्थापन ।

आज लुम्बिनी बैंक निक्षेप कर्ता तथा लगानिकर्ताहरुका लागि एक सुरक्षित गन्तब्य हुन सफल भएको छ । बैंक उत्तरदायी र नेपालको बित्तिय बजारमा बिश्वस्निय, सहज तथा द्रुत सेवा प्रदान गर्न प्रतिबद्ध रहेको छ ।

बैकको सुधार प्रकियाको प्रारम्भ चार वर्ष अधि एक कुशल व्यवस्थापक समुहको चयन गरी अघि बढेको थियो । यो सुधार प्रकृया राज्यकोषमा कुनै भार नपारी एक आन्तरिक स्रोत र साधनहरुको परिचालन र प्रयासबाट नै सम्भब भएको हो । लुम्बिनी बैंकमा जग देखीनै सुधार भएको छ र यो कार्य सम्पुर्ण सरोकारवालाहरुको असल तथा लगनशिल प्रयासबाट सम्भब भएको हो ।

यस अबसरमा लुम्बिनी बैंक नेपाल राष्ट्र बैंक सहित सम्पुर्ण सरोकारवालाहरु लाई जटिल परिस्थितिमा पनि जारि राख्नु भएको निरन्तर सहयोगका प्रति धन्यवाद ज्ञापन गर्दछ । लुम्बिनी बैंक प्रेसकासाथीहरुलाइ पनि सदाझै उत्तरदायीपूर्ण समचार संप्रेषणका लागि धन्यवाद ज्ञापन गर्दछ ।